**अनुसूची २**

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

ग्रामथान गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ९ | संख्याः १ | मितिः २०८२/०८/०४

**भाग-२**

ग्रामथान गाउँपालिका

**ग्रामथान गाउँपालिकाको स्वास्थ्य बीमा कार्यक्रम मापदण्ड २०८२**

आज्ञाले,

नाम

प्रमुख प्रशासकीय अधिकृत

# कार्यक्रम प्रस्ताव तथा कार्यान्वयन योजना

**कार्यक्रमको नाम:**
ग्रामथान गाउँपालिका मोरङका दलित, गरिब, विपन्न, अपाङ्गता भएका तथा सुकुम्बासी परिवारहरूलाई स्वास्थ्य बीमा कार्यक्रममा सहभागी गराउने कार्यक्रम।

**१. पृष्ठभूमि:**
ग्रामथान गाउँपालिकामा रहेका धेरैजसो सुकुम्बासी, दलित, गरिब तथा विपन्न परिवारहरू स्वास्थ्य सेवा प्राप्त गर्न आर्थिक रूपमा असमर्थ छन् । ती परिवारहरू स्वास्थ्य जोखिममा परे पनि उपचार खर्चको अभावले नियमित स्वास्थ्य सेवाबाट वञ्चित हुँदै आएका छन । यस पृष्ठभूमिमा ती परिवारहरूको स्वास्थ्य सुरक्षाको अधिकार सुनिश्चित गर्ने तथा "सबैका लागि स्वास्थ्य सेवा" भन्ने राष्ट्रिय लक्ष्य प्राप्त गर्नका लागि स्वास्थ्य बीमा कार्यक्रममा प्रत्येक वडाका लक्षित १०० घरपरिवार सहित गाउँपालिकाका जम्मा ७०० घरपरिवारलाई सहभागी गराउने योजना तयार गरिएको छ ।

**२. उद्देश्य:**

- सुकुम्बासी, दलित, गरिब, विपन्न र अपाङ्गता भएका नागरिकलाई स्वास्थ्य बीमा कार्यक्रममा सहभागी गराई स्वास्थ्य पहुँच सुनिश्चित गर्नु ।
- आर्थिक रूपमा कमजोर वर्गको उपचार खर्चमा राहत पुर्‍याउने ।
- समुदायमा स्वास्थ्य बीमाको महत्वबारे सचेतना अभिवृद्धि गर्नु ।

**३. लक्षित समूह:**
सुकुम्बासी, दलित, गरिब, विपन्न तथा अपाङ्गता भएका घरपरिवार (७ वटै वडाका घरपरिवार मध्येबाट प्रति वडा १०० परिवार छनौट गरिने)।

**४. परिवार छनौटका मापदण्ड:**

- सुकुम्बासी, दलित, गरिब, विपन्न तथा अपाङ्गता भएका परिवार ।
- परिवारका कुनै सदस्य रोजगारमा नरहेका वा नियमित आम्दानी स्रोत नभएका ।
- स्वास्थ्य बीमा शुल्कको ५०% रकम अर्थात अधिकतम रु १७५० रुपैंया तिर्न सक्ने क्षमता भएका ।
- वार्षिक आयश्रोतले बर्षभरी खान/लाउन पुग्दैन भनि स्व-घोषण गरेका र २ वा २ भन्दा बढि छनौटको मापदण्ड बमोजिम प्राथमिक्तामा रहेका ।
- गाउँपालिका वा वडा कार्यालय, स्वास्थ्य संस्था तथा टोल विकास समिति/महिला स्वास्थ्य स्वयं सेवकको सिफारिसमा अन्तिम सूची तयार गरिने ।

- गाउँपालिकामा बसोबास गर्ने राज्यबाट दोहोरो सुविधा नलिएका घरपरिवार

**५. कार्यान्वयन प्रक्रिया:**

- समिति गठन: वडा कार्यालय/स्वास्थ्य चौकी ब्यवस्थापन समिति र सरोकारपक्ष अन्तर्गत लक्षित समूह छनौट समिति गठन गरिने।
- सूचना प्रकाशन: लक्षित परिवार छनौटका लागि १५ दिने सूचना गाँउपालिका मार्फत वडा कार्यालय/टोलबस्ती/स्वास्थ्य सँस्थामा टाँस गरिने र माईकिङ समेत गरीने।
- छनौट कार्य: घरमूलि स्वयँ उपस्थित भइ बीमा दर्ता सहयोगीको समन्वयमा वडा कार्यालय/स्वास्थ्य सँस्थामा आवेदन सङ्कलन गरी सिफारिस र मापदण्डका आधारमा प्रति वडा १०० परिवार सहित गाउँपालिकामा ७०० परिवार छनौट गरिने।
- बीमा अभिमुखीकरण: छनौट परिवारहरूलाई स्वास्थ्य बीमा सम्बन्धी सचेतना तथा दर्ता प्रक्रिया प्रशिक्षण प्रदान गरिने।
- बीमा शुल्क भुक्तानी: छनौट परिवारबाट ५०% रकम स्वास्थ्य बीमा दर्ता सहयोगी समक्ष संकलन गरी आवश्यक कागजात सहित बाँकी ५०% वा रु १७५० रकम यस कार्यक्रम अन्तर्गत गाउँपालिकाले अनुदान स्वरूप प्रदान गर्ने।
- अनुदान रकमको प्रयोग: बीमा शुल्क (५०% अनुदान वा रु १७५० रुपैया) प्रत्येक वडाका जम्मा १०० घरपरिवारलाई मात्र उपलब्ध गराइने र अन्य कुनै क्रियाकलापमा खर्च गर्न नपाइने।
- कार्य सञ्चालन संयन्त्र: स्वास्थ्य बीमा सहयोगी, सामुदायिक महिला स्वयंसेवक (FCHV), स्वास्थ्यकर्मी तथा वडा सचिवसँग नजिक समन्वय गरी स्वास्थ्य चौकी/प्राथमिक स्वास्थ्य केन्द्र मार्फत कार्यक्रम सञ्चालन गरिने।
- अनुगमन तथा संरक्षण: कार्यक्रम वडा अध्यक्ष/ग्रामथान गाउँपालिकाका अध्यक्षको संरक्षण र प्रत्यक्ष अनुगमनमा कार्यान्वयन गरिने।

**६. अपेक्षित परिणाम:**

- ७०० लक्षित परिवार स्वास्थ्य बीमा कार्यक्रममा सहभागी हुने।
- सुकुम्बासी,दलित, गरिब तथा अपाङ्ग परिवारहरूलाई स्वास्थ्य उपचारमा सहज पहुँच उपलब्ध हुने।
- समुदायमा स्वास्थ्य बीमाको महत्वबारे जागरूकता बढ्ने।
- स्थानीय स्तरमा स्वास्थ्य सुरक्षाको स्थायित्व सुनिश्चित हुने।

**७. कार्यान्वयन निकाय:**

मुख्य आयोजक: ग्रामथान गाउँपालिका र ७ वटै वडा कार्यालयहरु
समन्वय: स्वास्थ्य शाखा, ग्रामथान गाउँपालिका।

सहयोगी संस्था: स्वास्थ्य बीमा बोर्ड/दर्ता सहयोगी, स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र, टोल विकास समिति/सामूदायिक महिला स्वास्थ्य स्वयँ सेवकहरु।
संरक्षण तथा अनुगमन: ग्रामथान गाउँपालिका अध्यक्ष

### ८. अनुमानित बजेट:

| क्र.सं | विवरण | खर्च विवरण | कैफियत |
|---|---|---|---|
| १ | बीमा शुल्क (५०% अनुदान) | १,७५,००० | १०० परिवार × रु. १,७५० |

### ९. निष्कर्ष:

यस कार्यक्रम मार्फत ग्रामथान गाउँपालिकाका दलित, गरिब, विपन्न र सुकुम्बासी परिवारहरू स्वास्थ्य बीमा कार्यक्रममा सहभागी भई स्वास्थ्य उपचारमा पहुँच बढाउने अपेक्षा गरिएको छ। कार्यक्रम प्राथमिक स्वास्थ्य केन्द्र तथा स्वास्थ्य चौकी मार्फत वडा अध्यक्ष/ गाउँपालिका अध्यक्षको संरक्षण, स्वास्थ्य बीमा सहयोगी, सामुदायिक महिला स्वयंसेवक, स्वास्थ्यकर्मी र वडा सचिवको समन्वयमा पारदर्शी र प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ।

## परिवार छनौट आवेदन (Application)फाराम:

कार्यक्रम: स्वास्थ्य बीमा कार्यक्रम (५०% अनुदान वा अधिकतम रु १७५० रुपैया)

स्थान: ग्रामथान गाउँपालिका वडा नं. १, मोरङ ।

लक्षित परिवार संख्या: १००(नोट:५जना भन्दा बढि परिवार सदस्य भए नियमानुसार आफै भुक्तानी गर्नु पर्ने छ)

दर्ता न.

दर्ता मितिः

| क्र.सं. | घरधनीको नाम | टोल/स्थान् (साविक वडा) | परिवार सदस्य संख्या | दलित/गरिब/ अपाङ्ग/सुकुम्बासी (प्रमाणित कागजात भए सम्लग्न गर्ने) | परिवारका सदस्यरोजगारमा छन् (नियमित/ अनियमित) | परिवारका सदस्य रोजगारमा छैनन् | वार्षिक आयले बर्षभरी पुग्छ/पुग्दैन | स्वास्थ्य बीमा तिर्ने क्षमता (५०%) | सिफारिस (टोल/स्वा.से./ स्वास्थ्यकर्मी/अन्य) नाम/ दस्तखत र सम्पर्क न.समेत | टिप्पणी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |

### छनौट मापदण्ड (Application Criteria)

१)सुकुम्बासी, दलित, गरिब, विपन्न तथा अपाङ्गता भएका परिवार।

२)परिवारका कुनै सदस्य रोजगारमा नरहेका वा नियमित आम्दानी स्रोत नभएका।

३)स्वास्थ्य बीमा शुल्कको ५०% रकम तिर्न सक्ने क्षमता भएका।

४)वार्षिक आयश्रोतले बर्षभरी खान/लाउन पुग्दैन भनि स्व-घोषण गरेका र २वा२भन्दा बढि छनौटको मापदण्ड बमोजिम प्राथमिक्तामा रहेका।

५)वडा कार्यालय, स्वास्थ्य संस्था तथा टोल विकास समिति/महिला स्वास्थ्य स्वयँ सेवकको सिफारिस(३ वा सो भन्दा बढीको प्रमाणीकरण)मा अन्तिम सूची तयार गरिने।

---------

**( घर मूलिको स्व-घोषणा/मन्जुरी सहितको दस्तखत)**

सम्पर्क न.

### सिफारिस र प्रमाणिकरण:

सामुदायिक महिला स्वयंसेवक (FCHV): ____________

स्थानिय बीमा दर्ता सहयोगी: ____________

स्वास्थ्यकर्मी: ____________

वडा सचिव: ____________

वडा सदस्य: १, ____________ २, ____________

स्वीकृत गर्ने: समिति अध्यक्ष/वडा अध्यक्ष-

प्रमाणिकरण:गाउँपालिका अध्यक्ष ____________